# करारमा स्वयमसेवक शिक्षक भर्ना सम्बन्धी मापदण्ड, २०७४

**प्रस्तावना**

व्यक्ति, समुह, अभिभावक, नगरपालिका, प्रदेश तथा संघीय सरकारको लगानी र योगदानबाट सञ्चालित सामुदायिक विद्यालयहरुले शिक्षा क्षेत्रमा गरेको योगदान व्यवस्थित गरी सामुदायिक विद्यालयहरु माथिको विश्वासलाई भरपर्दो बनाउन र गुणस्तरिय शिक्षाका माध्यमबाट सामुदायिक शिक्षाको गुणात्मकता बृद्धिका लागि विद्यालयहरुलाई निश्चित मापदण्डका आधारमा सञ्चालन गर्न सम्बन्धित निकायबाट स्वीकृति तथा अनुमति प्राप्त स्थानीय आवश्यकता र मागको आधारमा संचालनरत विद्यालयहरुमा विद्यार्थी संख्याको अनुपातमा शिक्षक व्यवस्थापन गर्न नेपालको संविधान, २०७२ को अनुसुचि ८, स्थानीय सरकार सञ्चालन ऐन २०७४, आठविसकोट नगर शिक्षा ऐन २०७४ र आठविसकोट नगरपालिकाको शिक्षा नियमावली २०७४ ले दिएको अधिकार प्रयोग गरी नगर कार्यपालिकाले करारमा स्वयमसेवक शिक्षक भर्ना सम्बन्धी मापदण्ड, २०७४ बनाई जारी गरेको छ।

## परिच्छेद १

## संक्षिप्त नाम र परिभाषा

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस मापदण्डको नाम **"करारमा स्वयमसेवक शिक्षक भर्ना सम्बन्धी** मापदण्ड, २०७४" रहेको छ।

(२) यो मापदण्ड आठविसकोट नगरपालिका भित्रका अनुमति तथा स्वीकृत प्राप्त सामुदायिक विद्यालयमा लागु हुनेछ।

(३) यो मापदण्ड नगर कार्यपालिकाबाट पारित भएको मिति देखि लागु हुनेछ।

२. **परिभाषा** : विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा

(क) **"नगरपालिका"** भन्नाले आठविसकोट नगरपालिकालाई सम्झनु पर्छ।

(ख) **"मापदण्ड"** भन्नाले **करारमा स्वयमसेवक शिक्षक भर्ना सम्बन्धी मापदण्ड, २०७४** लाई सम्झनु पर्छ।

(ग) **"कार्यपालिका"** भन्नाले आठविसकोट नगर कार्यपालिकालाई सम्झनु पर्छ।

(घ) **"शिक्षक दरवन्दी"** भन्नाले आठविसकोट नगरपालिका भित्रका हाल मौज्दात दरवन्दि र आठविसकोट नगरपालिकाद्धारा थप गरेका स्वयम्सेवक शिक्षकको दरवन्दिलाई सम्झनु पर्छ।

(ङ) **"शिक्षक"** भन्नाले स्वयम्सेवक शिक्षकलाई सम्झनु पर्छ।

(च) **"स्वयम्सेवक शिक्षक"** भन्नाले आठविसकोट नगरपालिका भित्रका अनुमति प्राप्त वा स्विकृत प्राप्त सामुदायिक विद्यालयमा शिक्षक दरबन्दि अभाव भई नगर कार्यपालिकाले सृजना गरी स्विकृत गरेका शिक्षक पदमा रहेका शिक्षकलाई सम्झनुपर्छ।

(छ) **"शिक्षक छनौट समिति"** भन्नाले स्वयम्सेवक शिक्षक छनौट गर्ने प्रयोजनको लागि यस मापदण्डको खण्ड ४ बमोजिम गठित समितिलाई सम्झनुपर्छ।



आठविसकोट नगरपालिका, रुकुम(पश्चिम)

(ज) **"प्रमुख"** भन्नाले नगरपालिकाको नगर प्रमुखलाई सम्झनुपर्छ ।

(झ) **"प्रमुख प्रशासकिय अधिकृत"** भन्नाले आठविसकोट नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनुपर्छ ।

(ञ) **"शिक्षा अधिकृत"** भन्नाले नगरपालिकाको आधारभुत तथा माध्यामिक शिक्षा कार्यालय प्रमुख वा सो प्रमुखको कामकाज गर्न तोकिएको व्यक्तीलाई सम्झनुपर्छ ।

(ट) **"स्रोत व्यक्ति"** भन्नाले आठविसकोट नगरपालिका भित्रका विद्यालयको रेखदेख तथा निरक्षण गर्ने व्यक्तिलाई सम्झनुपर्छ ।

(ठ) **"शिक्षा कार्यालय"** भन्नाले आठविसकोट नगरपालिकामा रहेको शिक्षा हेर्ने आधारभुत तथा माध्यमिक शिक्षा कार्यालयलाई सम्झनुपर्छ ।

(ड) **"विषय विशेषज्ञ"** भन्नाले शिक्षा संकायबाट तोकिएको विषयमा स्नात्तोकोत्तर उतिर्ण भई सम्बन्धीत क्षेत्रमा कम्तिमा पाँच वर्षको अनुभव प्राप्त व्यक्तिलाई सम्झनुपर्छ ।

(ञ) **"तलब भत्ता"** भन्नाले यस मापदण्डको खण्ड १२ अनुसार स्वयम्सेवक शिक्षकलाई दिइने तलब भत्ता सम्झनु पर्नेछ ।

## परिच्छेद २

## विद्यालयमा रहने शिक्षक दरवन्दि

**३. स्वयम्सेवक शिक्षक दरवन्दी विवरण :** (१) आठविसकोट नगरपालिका भित्रका स्विकृत प्राप्त वा अनुमति प्राप्त सामुदायिक विद्यालयका नपुग दरबन्दिमा तपसील बमोजिमका स्वयम्सेवक शिक्षक दरबन्दि सृजना गरी पद पुर्ति गरिनेछ ।

| क्र.सं. | तह | अंग्रेजी | गणित | विज्ञान | सामाजिक | नेपाली | जनसंख्या | स्वास्थ्य | कम्प्युटर | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | आधारभुत तह(१-५) | ५ | ५ | ४ | ४ | ४ | - | | - | २२ |
| क्र.सं. | तह | अंग्रेजी | गणित | विज्ञान | सामाजिक | नेपाली | गणित/विज्ञान | स्वास्थ्य | कम्प्युटर | जम्मा |
| २ | आधारभुत तह (६-८) | ६ | १ | २ | ५ | ४ | ९ | ४ | १८ | ४९ |
| क्र.सं. | तह | अंग्रेजी | गणित | विज्ञान | सामाजिक | नेपाली | गणित/विज्ञान | स्वास्थ्य | कम्प्युटर | जम्मा |
| ३ | मा.वि.(९-१०) | ८ | ७ | ९ | ५ | ७ | २ | - | - | ३८ |
| ४ | बाल विकास सहयोगी कार्यकर्ता | | | | | | | | | २४ |
| ६ | संगित शिक्षक आधारभूत तह | | | | | | | | | ६ |
| | जम्मा | | | | | | | | | १३९ |

(२) प्रत्येक विद्यालयमा शिक्षक विद्यार्थीको अनुपातमा १:४५ हुनुपर्नेछ ।

(३) उपखण्ड (२) मा जुनसुकै कुरा लेखिएता पनि विद्यालयहरुमा देहाय बमोजिमको न्यूनतम शिक्षक पदसंख्या रहनेछ ।

| क्र.सं. | कक्षा | न्यूनतम शिक्षक संख्या | कैफियत |
|---|---|---|---|
| १ | बाल विकास केन्द्र | प्रत्येक बाल विकासमा १/१ जना | |
| २ | कक्षा - १ सम्म | १ जना | |
| २ | कक्षा १-२ सम्म | १ जना | |
| ३ | कक्षा १- ३ सम्म | २ जना | |

| | | | |
|---|---|---|---|
| ४ | कक्षा १-५ सम्म | ३ जना | |
| ५ | कक्षा ६-८ सम्म | ४ जना | |
| ६ | कक्षा ९-१० सम्म | ४ जना | |
| ७ | कक्षा ११-१२ सम्म | ३ जना | |
| ८ | कक्षा ११-१२ (विज्ञान) | ४ जना | |

तर अधिकांश कक्षामा विद्यार्थी संख्या न्यून रहेको अनुमति वा स्वीकृति प्राप्त विद्यालयहरुमा यो मापदण्ड लागू हुने छैन् ।

(४) यस खण्डको उपखण्ड ३ र ४ को मापदण्ड पुरा नगरेका तपसील बमोजिमका विद्यालयहरुको दरबन्दि कटौति गरिनेछ ।

| क्र.सं. | विद्यालयको नाम | तह | संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | श्री कालिका मा.वि.सुन्दरपानी | आ.वि. | २ | कक्षा १-५ |
| २ | श्री लालिगुराँस आ.वि.भयाउने | आ.वि. | १ | कक्षा १-५ |
| ३ | श्री नेपाल राष्ट्रिय मा.वि.ठुलीबार्खु | आ.वि. | १ | कक्षा १-५ |
| ४ | श्री बालहित आ.वि.माझगाउँ | आ.वि. | २ | कक्षा १-५ |
| ५ | कमल आ.वि. हर्दिगाउँ | आ.वि. | १ | कक्षा १-५ |
| ६ | जनकल्याण मा.वि गोइरी | आ.वि. | १ | कक्षा १-५ |
| ७ | श्री आर्दश मा.वि.घेत्मा | आ.वि. | २ | कक्षा १-५ |
| ८ | श्री आधारभुत विद्यालय गाउँबारी | आ.वि. | १ | कक्षा १-५ |
| ९ | श्री जनयुवा आ.वि. जिउला स्वता | आ.वि. | १ | कक्षा १-५ |
| जम्मा | | | १२ जना | |

## परिच्छेद ३
## शिक्षक छनौट समिति गठन

४. **शिक्षक छनौट समिति रहने** : (१) सामुदायिक विद्यालयमा स्वयमसेवक शिक्षक नियुक्तिका लागि सिफारीस गर्न नगरपालिकामा देहाय बमोजिमको एक शिक्षक छनौट समिति रहनेछ ।

(क) प्रमुख प्रशासिकिय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी - संयोजक

(ख) स्रोत व्यक्ति - सदस्य

(ग) नगर कार्यपालिकाले मनोनित गरेको कम्तिमा शिक्षाशास्त्र संकाय तर्फ स्नात्तोकोत्तर गरेको १ जना महिला पर्ने गरी २ जना विषय विशेषज्ञ - सदस्य

(घ) आधारभूत तथा माध्यामिक शिक्षा कार्यालय संयोजक - सदस्य सचिव

(२) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) स्वीकृत दरवन्दी संख्याको अधिनमा रही खुला प्रतिस्पर्धात्मक परिक्षाबाट स्वयम्सेवक शिक्षक करारमा नियुक्ति गर्न नगरपालिका समक्ष सिफारिस गर्न आवश्यक कार्य गर्ने,

(ख) परिक्षा संचालनको लागि आवश्यक सूचना प्रकाशन गर्ने, प्रश्नपत्रको निर्माण गर्ने, प्रश्नपत्रको गोपनियता कायम गर्ने, लिखित, मौखिक तथा प्रयोगात्मक परिक्षा संचालन गर्ने, प्रश्नपत्र जाँच गर्ने र अन्तिम नतिजा प्रकाशन गर्ने,

(ग) परिक्षाको लागि तह अनुसारको पाठ्यक्रम निर्धारण गर्ने,

(घ) परिक्षा संचालनको लागि आवश्यक जनशक्ति परिचालन गर्ने, व्यवस्थापकीय कार्यहरु गर्ने तथा गराउने,

(ङ) परिक्षालाई मर्यादित, स्वच्छ, निष्पक्ष एवं त्रुटिरहित तुल्याउन आवश्यक कार्यहरु गर्ने,

(च) नगर कार्यपालिका एवं. नगर शिक्षा समितिसँग परिक्षा संचालनको सम्बन्धमा आवश्यक समन्वय गर्ने तथा गराउने,

(छ) परिक्षा संचालनको लागि आवश्यक अन्य कार्यहरु गर्ने र गराउने,

(३) समितिको बैठक सम्बन्धी कार्यविधि समितिले तोके बमोजिम हुनेछ ।

(४) समितिमा रहेका सदस्यहरुको कार्य विभाजन समितिको संयोजकले तोके अनुसार हुनेछ ।

## परिच्छेद ४
## शिक्षक नियुक्ति सम्वन्धि व्यवस्था

**५. प्रतियोगिताको लागि विज्ञापन गर्नु पर्ने :-** (१) नियम ११ बमोजिम गठित शिक्षक छनौट समितिले कम्तिमा १५ दिनको सार्वजनिक सूचना सम्भाब्य सवै माध्यमबाट प्रकाशन गर्नुका साथै वडा कार्यालय र नगरपालिकामा सूचना टाँस गर्नु पर्नेछ । यस्तो सूचना सम्बन्धित स्थानीय तहका Website मा समेत राख्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(२) स्वयमसेवक शिक्षकको विज्ञापन गर्दा विभिन्न सामुदायिक विद्यालयका निजी स्रोतमा कार्यरत शिक्षकहरुको लागि कुल दरबन्दिको २५% आन्तरिक **प्रतियोगिता**बाट र ७५% खुल्ला प्रतियोगिताबाट पदपुर्ति गरिनेछ ।

**६. शिक्षक छनौट प्रक्रिया समाबेशि बनाउनु पर्ने** :- शिक्षक छनौटलाई समाबेशी बनाउन नगर कार्यपालिकाबाट स्विकृत स्वयमसेवक शिक्षक दरबन्दीमा खुल्ला प्रतियोगितामा पूर्ति हुने शिक्षक पद मध्ये ४५% छुट्टयाई सो प्रतिशतलाई शत प्रतिशत मानि देहायका उम्मेद्वारहरु विचमा मात्र छुट्टा-छुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ ।

| | |
|---|---|
| (क) महिला | - ३३% |
| (ख) आदिबासी जनजाती | - २७% |
| (ग) मधेसी, अल्पसंख्यक, पिछडाबर्ग | - ९% |
| (घ) दलित | - २२ % |
| (ङ) पिछडिएको क्षेत्र | - ४ % |
| (च) अपाङ्ग | - ५% |

**७. दरखास्त बुझाउनु पर्ने** :- प्रतियोगिमा भाग लिन चाहने उम्मेदवारले शिक्षक छनौट समितिबाट तोकिए बमोजिमको परीक्षा दस्तुर दाखिला गरेको निस्सा सहित विज्ञापनमा तोकिएको स्थान र अवधिभित्र दरखास्त फाराम बुझाउनु पर्नेछ ।

**८. योग्यता सम्वन्धि व्यवस्था** :- स्वयम्सेवक शिक्षक पदको लागि लिइने प्रतियोगितात्मक परीक्षामा उम्मेदवार हुन देहाय बमोजिमको शैक्षिक योग्यता हुनु पर्नेछ ।

(क) मा.वि.तह (९-१०) सम्बन्धित विषयमा स्नातक उतिर्ण

(ख) आ.वि.तह (६-८) सम्बन्धित विषयमा प्रविणता प्रमाण पत्र तह वा सो सरह उतिर्ण गरेको

(ग) आ.वि.तह (१-५) सम्बन्धित विषयमा प्रविणता प्रमाण पत्र तह उतिर्ण वा सो सरह

(घ) बालविकास माध्यमिक शिक्षा उतिर्ण परिक्षा वा सो सरह,

(ङ) आधारभुत तह कक्षा ६-८ कम्प्युटर विषयको हकमा कम्प्युटर विषय लिई प्रविणता प्रमाणपत्र उत्तिर्ण गरेको कुनै विषयमा प्रविणता प्रमाणपत्र तह उत्तिर्ण गरी कम्तीमा कम्प्युटर डिप्लोमा तालिम लिएको हुनुपर्ने ।

**स्पष्टिकरण** : मा.वि.तह (९-१०) को लागि स्नात्तोकोत्तर गरेका उम्मेदवार र आ.वि.तह (६-८) को हकमा स्नातक गरेको उम्मेदवारलाई थप ३ अंकको व्यवस्था गरिनेछ ।

**९. उम्मेदवारको लागि योग्यता** : (१) शिक्षक सेवा आयोग नियमावली, २०५७ (नवौं संशोधन समेतको नियम १० को (क) देखि (च) बमोजिमको योग्यता पूरा गरेको हुनुपर्नेछ ।

(२) प्रचलितक कानूनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विज्ञान, कम्प्युटर विज्ञान, इन्जिनियरिङ, गणित, अंग्रेजी, कार्यालय सञ्चालन तथा लेखा, कानून, कृषि तथा पशु विज्ञान विषयको हकमा करारमा स्वयम्सेवक वा निजि शिक्षक भर्ना गर्न अध्यापन अनुमतिपत्र आवश्यक पर्ने छैन् ।

आठबिसकोट नगरपालिका, रुकुम(पश्चिम)

**१०. आवश्यक कागजातहरु** : शिक्षक पदमा उम्मेदवार हुन इच्छुक उम्मेदवारले आफ्नो शैक्षिक योग्यताको प्रमाण पत्रको **प्रतिलिपि**, नेपाली नागरीकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, अध्यापन अनुमतिपत्रको प्रमाणित प्रतिलिपि, अनुभव भए सोको प्रमाणित प्रतिलिपि, कुनै विद्यालयमा कार्यरत भए सोको प्रमाणित प्रतिलिपि र छनौट समितिले तोके बमोजिमका अन्य कागजातहरु सहित नगरपालिकामा निवेदन पेश गर्नु पर्नेछ ।

**११. पाठ्यक्रम, परीक्षा प्रणली, मुल्याङ्कन प्रणाली र छनौट प्रक्रिया** : (१) स्वयम्सेवक शिक्षकको लागि लिईने परीक्षाको पाठयक्रम, परीक्षण प्रणाली तथा मूल्याङ्कन प्रक्रिया शिक्षा सेवा आयोग नियमावली २०५७ (नवौं संशोधन समेत) को नियम १४, १५, १६, १७, १८, १९, २०, २१, २२, २३, २४, २५, २६ बमोजिम हुनेछ ।

(२) लिखित, मौखिक तथा प्रयोगात्मक परिक्षामा सफल भई शिक्षक छनौट समितिले सिफारिस गरेका उम्मेदवारलाई नगरपालिकाले नियुक्ती दिनेछ ।

(३) खण्ड (१) मा उल्लेख भए अनुसार परिक्षाको स्वरुप देहाय बमोजिम हुनेछ :

| | | |
|---|---|---|
| परिक्षाको किसिम | (क) लिखित | अंकभार<br>१०० अंक |
| | (ख) मौखिक | २५ अंक |
| | १. शैक्षिक योग्यता वापत | प्रथम, द्वितिय र तृतिय श्रेणीको आधारमा क्रमशः ३, २ र १ |
| | २. अनुभव वापत | प्रत्येक वर्षको १ अंकका दरले बढिमा ७ अंक |
| | ३. अन्तरवार्ता वापत | बढिमा १२ अंक |
| | ४. न्युनतम भन्दामा माथिल्लो योग्यता | प्रथम, द्वितिय र तृतिय श्रेणीको आधारमा क्रमशः ३, २ र १ |
| | (ग) प्रयोगात्मक | १० (कम्प्युटर विषयको लागि मात्र) |

(४) आन्तरिक परिक्षामा भाग लिएका परिक्षार्थीले खुला प्रतियोगितामा समेत भाग लिन पाउने छन् ।

## परिच्छेद ५
## तलब, भत्ता र बिदा सम्बन्धि ब्यबस्था

**१२. तलब भत्ता सम्बन्धी व्यवस्था** : बिभिन्न तहमा नियुक्त स्वयम्सेवक शिक्षकहरुको तलब भत्ता देहाय बमेजिम हुनेछ :-

क) मा.बि. तह (९-१०) बिज्ञान/गणित(वि.एस्सी. वा सो सरह) -३०,०००।-

ख) मा.बि. तह (९-१०) अन्य बिषय -२५,०००।-

ग) आधारभुत तह (६-८) विज्ञान/गणित(+2 विज्ञान) - २२,०००।-

घ) आधारभुत तह (६-८) अन्य विषय - २०,०००।-

ङ) आधारभुत तह (१-५) - १५,०००।-

च) आधारभुत तह (१-३) - १५,०००।-

छ) बाल विकास केन्द्र. - नेपाल सरकारको प्रचलित स्केल बमोजिम

**१३. बिदा सम्बन्धि ब्यबस्था :** स्वयम्सेवक शिक्षकले आठबिसकोट नगरपालिका शिक्षा नियमावली, २०७४ को नियम २२ (क) देखि (च) सम्म उल्लेख भए बमोजिम बिदा पाउने छन् ।

## परिच्छेद ६
## बिद्यालय संचालन अनुमति तथा दरवन्दी सम्बन्धि ब्यबस्था

**१४. विद्यालय संचालन गर्न अनुमति दिईने** :- स्वीकृत विद्यालय अनुगमन प्रतिवेदन, २०७४ अनुसार आठविससकोट नगरपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरुलाई देहाय बमोजिम दरवन्दी र तह कायम गरी सञ्चालन गर्न अनुमति दिईनेछ :

**(क) आधारभुत तह (१-५) मा थप गर्नुपर्ने दरवन्दी**

| सि.न. | बिद्यालयको नाम | विद्यार्थी संख्या | साविकमा संचालित कक्षा | अव सञ्चालन हुने कक्षा | हालको दरबन्दी | थप गर्नुपर्ने दरबन्दी | कट्टी भएका दरबन्दी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | श्री शाईकुमारी आ.बि. रोकाजाखेत | २१५ | १-८ | १-८ | ३ | २ | | |
| २ | श्री महादेब आ.बि. रोकाजा | ३३ | १-५ | १-३ | २ | | | |
| ३ | श्री नबिन आ.वि.पाहाडा | १८४ | १-८ | १-८ | ३ | १ | | |
| ४ | श्री सरस्वती आ.वि.स्याला | १४२ | १-८ | १-८ | ३ | | | |
| ५ | श्री गोरखानाथ आ.वि.स्याला | १२१ | १-५ | १-५ | ३ | | | |
| ६ | श्री हिमालय मा.बि.खदी | २७४ | १-१० | १-१० | ४ | २ | | |
| ७ | श्री ज्ञानोदय मा.बि.चौतारा | २६१ | १-१० | १-१० | ३ | १ | | |
| ८ | श्री चित्रिपाटन आ.बि.गोतामकोट | ३५ | १ | १ | | १ | | |
| ९ | श्री इन्द्रज्योती आ.बि. चुल्ठी | ९६ | १-२ | १-२ | | १ | | |
| १० | श्री मष्ठकैलाश आ.बि.थापागाऊँ | ८७ | १-३ | १ | | | | बा.वि.के. मात्र |
| ११ | श्री ब्रह्मादेवि आ.बि. रिम्का | ८४ | १-५ | १-३ | २ | | | |
| १२ | श्री जलदेबी आ.वि.घामटाकुरी | ४० | १ | - | | | | बा.वि.के. मात्र |
| १३ | श्री सरस्वती मा.बि मिग्री | ३०८ | १-१० | १-१० | ३ | २ | | |
| १४ | श्री सुर्योदय मा.वि. होली | २२९ | १-१० | १-१० | ३ | २ | | |
| १५ | श्री कालिका आ.वि.मन्काबगर | ५६ | १-५ | १-५ | ३ | | | |
| १६ | श्री मालिका आ.बि. छिमी | २७ | १-५ | १-५ | ३ | | | |
| १७ | श्री जनज्योती आ.वि. डाँफे | १४४ | १-५ | १-५ | ३ | | | |
| १८ | श्री भानुभक्त आ.बि. औलीगाऊँ | ८० | १-५ | १-३ | २ | | | |
| १९ | श्री मनकामना आ.वि.चुर्तीपाखा | ६४ | १-५ | १-३ | १ | १ | | |
| २० | श्री हिमालय मा.बि. दाँजे | ७४ | १-१० | १-१० | ४ | | | |
| २१ | श्री सृजना आ.बि. घर्तीगाऊँ | १०६ | १-५ | १-५ | २ | १ | | |
| २२ | श्री कालिका मा.बि. सुन्दरपानी | २४५ | १-१० | १-१० | ७ | | २ | |
| २३ | श्री लोक कल्याण आ.बि. सना | १०६ | १-५ | १-३ | १ | १ | | |
| २४ | श्री बालकल्याणा मा. बि. राडी | | ६-१२ | ६-१२ | | | | |
| २५ | श्री कमल आ.बि. हर्दिगाऊँ | ४१ | १-५ | १-५ | ३ | | १ | |
| २६ | श्री दिपज्योती आ.बि. राडी | १३३ | १-५ | १-५ | ३ | | | |
| २७ | श्री जनचेतनाआ.वि.गैरीसालगारी | ३० | १-५ | १ | | १ | | |
| २८ | श्री ज्योली पिपल आ.बि. कटेली | ४३ | १-५ | १ | | १ | | |
| २९ | श्री हिमाली आ.वि.गैरीचौर | ३० | १-४ | १ | | १ | | |
| ३० | श्री सरस्वती आ.वि.फलाटे | १०८ | १-५ | १-५ | २ | १ | | |
| ३१ | श्री लालिगुराँस आ.वि.भयाउने | ३८ | १-५ | १-३ | ३ | | १ | |
| ३२ | श्री जनविकास मा.वि.घारीखोला | ११७ | १-१० | १-१० | ३ | | | |
| ३३ | श्री शाईराम आ.वि.घोरीलाश | १०५ | १-७ | १-२ | २ | | | |
| ३४ | श्री सरस्वती आ.वि.मैडाडाँ | ७८ | १-७ | १-५ | ३ | | | |
| ३५ | श्री भगवति आ.वि.कोट | ३१ | १-५ | १ | | १ | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३६ | श्री जनता मा.वि.भिन्चौर | १२६ | १-१२ | १-१२ | ३ | | | |
| ३७ | श्री जुम्लेधारा आ.वि.चिसापानि | ४० | १-३ | १-२ | | १ | | |
| ३८ | श्री शितल आ.वि.गोईरी | ४३ | १-५ | १ | | १ | | |
| ३९ | श्री आ.वि.घाटिगौरा | १२१ | १-५ | १-५ | ३ | | | |
| ४० | श्री ने.रा.मा.वि.गत्तसैना | १३६ | १-१० | १-१० | ३ | | | १ जना लिएन |
| ४१ | श्री जनभावना आ.वि.चौर | ४१ | १-५ | १ | | १ | | |
| ४२ | श्री नवज्योति आ.वि.बुराज्याम्ना | ३३ | १-५ | १ | | १ | | |
| ४३ | श्री दलित जनविकास आ.वि.गोईरी | ८२ | १-५ | १-२ | | २ | | |
| ४४ | श्री पिपल चौतारा आ.वि.फारुला | ४० | १ | १ | | १ | | |
| ४५ | श्री जनकल्याण मा.वि. गोईरी | ४४ | १-१० | १-१० | ३ | | १ | |
| ४६ | श्री त्रिवेणी आ.वि.स्यानीबार्खु | १३१ | १-८ | १-८ | ३ | | | |
| ४७ | श्री जनकल्याण आ.वि.बल्दे | १०४ | १-५ | १-३ | | २ | | |
| ४८ | श्री ने.रा.मा.वि.ठुलिबार्खु | १३० | १-१० | १-१० | ५ | | १ | |
| ४९ | श्री लालकिरण आ.वि.चिप्लेटा | ३९ | १-५ | १-२ | | १ | | |
| ५० | श्री जनविकास आ.वि.ठुलीबार्खु | ८३ | १-५ | १-३ | | २ | | |
| ५१ | श्री बालसेवा आ.वि.पिपलडाडा | ८५ | १-५ | १-३ | २ | | | |
| ५२ | श्री बालकल्याण आ.वि.हम्पा | १०५ | १-५ | १-५ | २ | १ | | |
| ५३ | श्री आधारभुत विद्यालय गाउँबारी | ७४ | १-७ | १-८ | ३ | | १ | |
| ५४ | श्री जनयुवा आ.वि.ज्यूलासोता | ५७ | १-५ | १-५ | ३ | | १ | |
| ५५ | श्री बालहित आ.वि.माझगाउँ | ७३ | १-५ | बाल शिक्षा | २ | | २ | |
| ५६ | श्री जनज्योती आ.वि.बाके | ७६ | १-५ | १-५ | २ | | | |
| ५७ | श्री सृजना आ.वि.पिपलचौर | ११२ | १-५ | १-६ | ३ | | | |
| ५८ | श्री जन विकास आ.वि.ज्यामिरकोट | १५६ | १-१० | १-१० | ३ | १ | | |
| ५९ | श्री लालिगुराँस आ.वि.सवारी | ६२ | १-४ | १-५ | | २ | | |
| ६० | श्री आर्दश मा.वि.घेत्मा | ३६ | १-१२ | १-१२ | ४ | | २ | |
| ६१ | श्री सरस्वती आ.वि.फर्साचौर | ६६ | १-५ | १-५ | २ | | | |
| ६२ | श्री सृजनशिल बालविकास केन्द्र लामपुजा | ३० | बाल शिक्षा | बाल शिक्षा | | | | |
| जम्मा | | | | | १२० | ३४ | १२ | |

## (ख) आधारभुत.तह (६-८) मा थप गर्नु पर्ने दरवन्दि

| क्र.सं. | विद्यालयको नाम | विषय | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | अंग्रेजी | गणित/विज्ञान | गणित | नेपाली | विज्ञान | सामाजिक | कम्प्युटर | जनसंख्या/स्वास्थ्य | कुल जम्मा |
| १ | शाईराम आ.वि.रोकाजाखेत | १ | १ | | १ | | | १ | | ४ |
| २ | नविन आ.वि.पहाडा | १ | १ | | १ | | | १ | | ४ |
| ३ | सरस्वती आ.वि.स्याला | १ | | १ | १ | | | १ | | ४ |
| ४ | त्रिवेणी आ.वि.स्यानीबार्खु | १ | १ | | | | १ | १ | | ४ |
| ५ | आ.वि.घेत्मा | १ | | | १ | १ | | १ | | ४ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | सृजना आ.वि.पिपलचौर | | १ | | | | | १ | | २ |
| ७ | जनविकास आ.वि.ज्यामिरकोट | १ | | | | १ | १ | १ | | ४ |
| ८ | हिमालय मावि खदी | | | | | | | १ | | १ |
| ९ | ज्ञानोदय मा.वि. चौतारा | | | | | | | १ | १ | २ |
| १० | सरस्वति मा.वि. मिग्री | | १ | | | | १ | १ | १ | ४ |
| ११ | सुर्योदय मावि होली | | | | | | | १ | | १ |
| १२ | हिमालय मावि दाँजे | | | | | | | १ | | १ |
| १३ | कालिका मावि सुन्दरपानी | | | | | | | १ | | १ |
| १४ | जनता मावि फिन्चौर | | | | | | | १ | | १ |
| १५ | जनविकास मावि घारीखोला | | १ | | | | | १ | | २ |
| १६ | नेरा मावि गत्तासैना | | १ | | | | | १ | | २ |
| १७ | जनकल्याण मावि गोइरी | | १ | | | | १ | १ | १ | ४ |
| १८ | नेरा मावि ठुलीबार्खु | | १ | | | | १ | १ | | ३ |
| जम्मा | | ६ | ९ | १ | ४ | २ | ५ | १८ | ३ | ४८ |

## (ग) मा.वि. तह (९-१०) मा थप गर्नुपर्ने दरबन्दि

| क्र.सं. | विद्यालयको नाम | विषय | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | अंग्रेजी | गणित/विज्ञान | गणित | नेपाली | विज्ञान | सामाजिक | कम्प्युटर | जनसंख्या | स्वास्थ्य | जम्मा |
| १ | हिमालय मा.वि.खदि | | | १ | | १ | | | | | २ |
| २ | ज्ञानोदय मा.वि.चौतारा | १ | १ | | १ | | १ | | | | ४ |
| ३ | सरस्वती मा.वि.मिग्री | १ | | १ | १ | १ | | | | | ४ |
| ४ | सूर्योदय मा.वि.होली | | | १ | | १ | १ | | | | ३ |
| ५ | हिमालय मा.वि. दाजे | १ | | १ | १ | १ | | | | | ४ |
| ६ | कालिका मा.वि.सुन्दरपानी | | १ | | १ | | १ | | | | ३ |
| ७ | बालकल्याण मा.वि.राडी | १ जना दरबन्दि बढी भएको | | | | | | | | | ० |
| ८ | जनता मा.वि.फिन्चौर | १ | | | | १ | १ | | | | ३ |
| ९ | जनविकास मा.वि.घारीखोला | १ | | | १ | १ | | | | | ३ |
| १० | ने.रा.मा.वि.गत्तसैना | १ | | १ | | १ | १ | | | | ४ |
| ११ | जनकल्याण मा.वि.गोईरी | १ | | १ | १ | १ | | | | | ४ |
| १२ | ने.रा.मा.वि.ठूलीबार्खु | १ | | १ | १ | १ | | | | | ४ |
| १३ | आर्दश मा.वि.घेत्मा | - | - | - | - | - | - | - | - | - | ० |
| जम्मा | | ८ | २ | ७ | ७ | ९ | ५ | | | | ३८ |

# परिच्छेद ७
# विविध

**१५. करार थप वा नविकरण गर्न सकिने :** कार्य सम्पादन मूल्यांकण र विद्यालयमा आएको शैक्षिक सुधार समेतलाई विश्लेषण गरी स्वयम्सेवक शिक्षकहरुको करार अवधि सम्झौतामा उल्लेख भए बमोजिम नगर कार्यपालिकाले पुन: थप वा नवीकरण गर्न सक्नेछ ।

तर कार्य सम्पादनस्तर राम्रो नभएका स्वयम्सेवक शिक्षकहरुको करार अवधी थप वा नवीकरण हुन सक्ने छैन ।

**१६. पुन: करारमा स्वयम्सेवक शिक्षक भर्ना गर्न सकिने :-** विद्यार्थी संख्याको अनुपातमा शिक्षक संख्या कम भएका विद्यालयहरुमा यस मापदण्ड बमोजिम एक पटक स्वयम्सेवक शिक्षक भर्ना गरीसकेपछि सोही शैक्षिक शत्रभित्र पुन: शिक्षक संख्या कम भएमा बैकल्पिक सूचीमा रेहका उम्मेदवारहरुमध्येबाट करार सम्झौता गरी सम्बन्धित विद्यालयमा खटाउन सकिनेछ । बैकल्पिक सूचीमा रहेका उम्मेदवारको संख्या कम भएमा यसै मापदण्ड बमोजिम खुला प्रतिस्पर्धाबाट स्वयम्सेवक शिक्षक करारमा भर्ना गर्न सकिनेछ ।

तर बैकल्पिक सूचीमा रहेका उम्मेदवारहरुलाई शिक्षक नियुक्ति भएको एक वर्षपछि यस्तो अवसर उपलब्ध हुने छैन् ।

**१७. खुला प्रतियोगिताबाट पदपूर्ति गरिने :-** आन्तरिक प्रतियोगिताबाट वा महिला, आदिवासी जनजाती, मधेशी, दलित, अपांग, पिछडिएको क्षेत्रको कोटाबाट तोकिएको संख्यामा पदपूर्ति हुन नसकेमा खुला प्रतिस्पर्धाबाट पदपूर्ति गरिनेछ ।

**१८. करार सम्झौता स्वतः रद्द हुने :** हाल स्वयम्सेवक शिक्षक कार्यरत पदमा स्थायी शिक्षक खटिई आएमा वा अर्को कुनै व्यवस्था भएमा करार सम्झौता स्वतः रद्द हुनेछ ।

**१९. अमान्य हुने :-** यस मापदण्डमा उल्लेख भएका कुराहरु नेपालको संविधान, शिक्षा ऐन तथा नियमावलीमा बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछन् ।

**नगरकार्यपालिकाबाट स्वीकृती**
**मिति: २०७४/१२/२९ र ३०**

**प्रमाणिकरण मिति**
**२०७५/०२/०५**

आठविसकोट नगरपालिका, रुकुम(पश्चिम)